# सुरक्षित आप्रवासन (सामी) परियोजना,
# सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र
# हरिवन

## वार्षिक प्रतिवेदन
जुलाई १६, २०१५ देखी जुलाई १५, २०१६

**पाउने**

**सामी / हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपाल**

**सर्लाही**

पठाउने

ग्रामिण नारी उत्थान संघ

हरिपुर, सर्लाही

Background and context:

स्वीस  सरकार विकास नियोग तथा नेपाल सरकार श्रम तथा रोजागर मन्त्रालयको सम्झौता बमोजिम सामी हेल्भेटास स्वीस इन्टरकोपरेशन नेपालको आर्थीक तथा प्राविधिक सहयोगमा ग्रामीण नारी उत्थान संघद्वारा सञ्चालित सुरक्षित आप्रवासन परियोजना सर्लाही अर्न्तगत विगत अगस्ट, २०१२ देखी हरिवन नगरपालिका वडा नं ११ मा ईलाका प्रशासन कार्यालय नजिक सुरक्षित आप्रवासन सुचना तथा परामर्श केन्द्र सञ्चालन गरेको छ । सर्लाही जिल्लाबाट बैदेशिक रोजगारीका लागि जाने महिला तथा पुरूष आप्रवासी कामदारहरूको आवश्यक सूचना तथा जानकारीमा पहुँच पुऱ्याउने एवं सुरक्षित आप्रवासन, परिवार व्यवस्थापन र प्रस्थान पूर्व आवश्यक सीपमूलक तालिमको लागी अभिप्रेरित गरी निःशुल्क सीपका लागी समन्ववय गर्ने , सम्भाव्य ठगी तथा जोखिम र त्यसको रोकथामका उपायबारे जानकारी दिई सुरक्षित र उपलब्धीमुलक आप्रवासन समवन्धमा उनीहरुलाई जानकार युक्त निर्णय गर्न सक्षम बनाउनु यस सुरक्षित आप्रवासन सुचना तथा परामर्श केन्द्रले मुख्य उद्देश्य राखी २०७१ असाज ०८ गते बसेको जिल्ला सामी परियोजना समन्वय समितिको निर्णय अनुसार सर्लाही जिल्लाका उत्तर तर्फका तथा क्षेत्र नं १,२ र ३ निर्वाचन क्षेत्रमा कार्य गर्ने गरी १० वटा गाविस लाई लक्षित क्षेत्र विशेष कायम गरी कार्यक्रम संचालन गरेको छ ।

**लक्षित गा.वि.स.हरु:**

**गौरीशंकर, कालिन्जोर, परवानीपुर, रानीगंज, नारायणखोला, जानकीनगर, शंकरपुर, मुर्तिया,श्रीपुर र सुन्दरपुर चौहर्वा**

धेरै संख्यामा वैदेशिक रोजगारमा जाने, मानव विकास सुचाकं कम भएको, धेरै संख्यामा इलाका प्रशासन कार्यलयमा राहदानीको सिफारिस लिन आउने, गरिव, पछाडी पारीएका वर्गहरुको संख्या बढी भएको,  संस्थाका अरु कार्यक्रम संचालनमा भइरहेको , विगतमा सामी परियोजना लागु नगरेको क्षेत्र र २०१३/१४ कार्यक्रम वर्षमा सूचना केन्द्रमा धेरै आगन्तु आउने गा वि स लाई प्राथमिकता दिएर लक्षित क्षेत्र तय  गरिएको थियो । आ.व. २०१४/१५ मा रहेको लक्षित गा.वि.स. लाई यस आ.व. २०१५/१६ मा पनि निरन्तरता दिइएको छ । १० वटा गाविस लक्षित गरेता पनि परियोजनाले जिल्लाका सवै क्षेत्र र अन्य छिमेकी जिल्लाबाट आएका सेवा ग्राहीलाई सेवा प्रदान गरिआएको छ ।

**सुचना केन्द्रमा आउने आगन्तुकहरुको विवरण २०१३/१४ (लक्षित  गा वि स बाहेक)**

| क. स | गा.वि.स. | आगन्तुक संख्या | निवार्चन क्षेत्र |
|---|---|---|---|
| १ | परवनिपुर | ४०० | १ |
| २ | मुर्तिया | २८७ | ३ |
| ३ | शंकरपुर | २५५ | ३ |
| ४ | रानीगंज | २५३ | १ |
| ५ | नारायणखोला | २११ | १ |
| ६ | सुन्दरपुर चौहरवा | १३७ | ३ |
| ७ | जानकीनगर | ११८ | २ |

| | | | |
|---|---|---|---|
| ८ | श्रीपुर | ११४ | २ |
| ९ | कालिञ्जोर | १९७ | १ |
| १० | गौरी शंकर | १६८ | १ |
| जम्मा संख्या | | २१४० | |

सूचना केन्द्रबाट निशुल्क सिप तालिमका लागी पठाउने व्यवस्था भएता पनि आप्रवासी कामदारहरुले सीपलाई महत्व नदिई देखासिखी कै भरमा विदेश जाने गर्दा निःशुल्क सीपका तालीमका व्यवस्था हुँदा पनि गत वर्ष जम्मा १७ जना सिप तालिममा सहभागी भएका थिए भने यस वर्ष केन्द्रिय स्तरमा ६२ जना तथा स्थानिय स्तरमा ११ जना सिप तालिममा सहभागी भएका छन् । स्थानिय स्तरका सरोकारवाला निकायहरुसंग (गा.वि.स., ईलाका प्रहरी कार्यालय, ईलाका प्रशासन कार्यालय, विभिन्न राजनैतिक दल) को तथा नागरिक समुहहरुको सहयोगले वैदेशिक रोजागारका पिडितहरुका समस्या स्थानिय स्तरमा सामाधान हुन थालेको छ । तर केन्द्रमा सिफारिस गर्ने समस्याको हकमा पनि पिडितले स्थानिय स्तरमा वा आफु केन्द्रमा नगई सुचना केन्द्रले नै समाधान गरिदिओस भन्ने चाहना राख्ने गर्दछन् । सुचना तथा परामर्श केन्द्रमा ईलाका प्रशासन कार्यलयबाट आउने सेवा ग्राहीको तुलनामा समुदायबाट आउने व्यक्ति दोहोर्याएर आउने र सकेसम्म धैरै सूचना लिने गरेको छ ।

**जिल्लामा मुख्य सरोकारवाला तथा आधिकारिक निकायहरुको सुचना केन्द्रप्रति धारणाः**

जिल्लामा विभिन्न सरोकारवालाहरुसंग (जि.वि.स., गा.वि.स., ईलाका प्रहरी कार्यालय, ईलाका प्रशासन कार्यालय, विभिन्न राजनैतिक दल, नागरिक समाज र सामुदायिक संस्थाहरु) को समन्वयमा परियोजनाको गतिविधि सञ्चालन छन् । विगतको तुलनामा इलाका प्रशासन कार्यलयबाट पासपोर्टको सिफारिस लिन आउने गरेको मा हाल धैरै व्यक्तिहरु सुचना तथा परामर्श केन्द्रमा आउने गर्नु हुन्छ । हालका दिनहरुमा सुचना केन्द्रमा आउने आप्रवासी कामदारले सुचना लिने प्रकृयालाई राहदानी बनाउने प्रकृया कै महत्वपूर्ण चरणको रुपमा लिन थालेका छन् । ईलाका प्रशासन कार्यलयले राहदानी बनाउने प्रकृयापूर्वनै सूचना केन्द्रमा सूचना लिनका लागी पठाउने गर्दछ, सूचना केन्द्रले पनि सूचना तथा परामर्श पश्चात नागरिकताको प्रतिलिपी पछाडी छाप लगाउने गर्दछ । साथै आगन्तुकहरुले इलाका तथा जिल्ला प्रशासन कार्यलयको शाखाको रुपमा लिई राहदानी आए नआएको तथा अन्य प्रशासनसंग सम्वन्ध विषयहरुमा सुचना केन्द्रमा सम्पर्क गर्नुहुन्छ र सुचना केन्द्रले यसबारेमा इलाका प्रशासनबाट जानकारी लिई पून टेलिफोन बाट जानकारी गराउने गदर्छौ । यस्तै गरी सुचना केन्द्रबाट ठगी केशको प्रकृया गर्दा प्रशासन कार्यलयबाट तुरुन्त प्रहरीलाई तोक लगाएर पत्र काट्ने कार्यले गर्दा न्यायीक सेवा प्रभावकारी बनेको छ ।

आम जनसमुदायमा वैदेशिक रोजगारको लहर बढेको अवस्थामा अघिल्ला वर्षहरुको तुलनामा वैदेशिक रोजगारका विषयमा धेरैले चासो लिनेहरु धेरै भएका छन् । यस्तै गरी रिटर्नी स्यवम्सेवकहरुबाट गाँउ गाँउमा सन्देश दिने, टोल टोलमा घूम्ति सूचना तथा परामर्श केन्द्र संचालन गर्ने, हाट वजारमा सूचना दिने जस्ता कार्यलाई सामाजिक अगुवाहरुले तारिफ गरेको पाइएको छ । जसले गर्दा परियोजनाको उद्देश्यमा सहयोग पुगेको छ ।

स्थानिय स्तरवाट वैदेशिक रोजगारीलाई उपलब्धिमुलक वनाउनका लागी नारायण खोला, कालिन्जोर, शंकरपुर, रानिगंज, गौरिशंकर तथा परवानिपुर गा.वि.स.हरुले होडिंग वोर्ड राख्न तथा अन्य कार्यक्रमहरु संचालन गर्न वजेट छुट्याउनुले पनि यस कार्यक्रमको प्रभावकारिता प्रष्ट भएको छ ।

समस्यामा परेका आप्रवासी कामदारको परिवारमा हुने मनोसामाजिक समस्यामा आकस्मिक सहयोगका लागी जि.वि.स. ले निकट भविष्यमानै  आकस्मिक  कोष खडा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ  यसका लागी जि.वि.स.को अगुवाईमा कोष संचालक निर्देशिका तयार भई स्थानिय विकास अधिकारी ज्यू वाट प्रमाणित हुने अवस्थामा रहेको छ ।

स्थानिय स्तरमा वैदेशिक रोजगारका एजेन्टहरुको सुचना केन्द्रप्रतिको दृष्टिकोणमा परिवर्तन आईरहेको छ , एजेन्टले पिडितको न्यायका लागी सुचना केन्द्रलाई सघाएका छन् र पिडितलाई सुचना केन्द्रसंग सम्पर्क गराउने गरेका छन् । विदेशका बारेमा केही नवुझी जाने र गएपछि कागजपत्र विहिन भई कामदार र उनका परिवारले अनावश्यक झन्झट दिने गर्नुको मुख्य कारण सूचनाको कमीले हुन गएको बताउने गर्छन ।

सामी लागु भएको जिल्लाहरु मध्ये नवलपरासि जिल्लामा यस परियोजना अर्न्तगत संचालन भएको कावासोती सूचना तथा परामर्श केन्द्र र परासी सूचना तथा परामर्श केन्द्रमा यस  सूचना तथा परामर्श केन्द्रमा कार्यरत कर्मचारी ६ जना तथा संस्थाको कार्यससमिती वाट १ जना वाट अध्ययन अवलोकन भ्रमण सम्पन्न गरियो। ३ दिने उक्त भ्रमण कार्यक्रम वाट परियोजना वाट कार्यान्वयन भएको कार्यक्रमहरुको संक्षिप्त जानकारी, हासिल गरिएका उपलब्धिहरु, चुनौती तथा अवसरहरुको वारेमा छलफल गरियो । उक्त छलफल अर्न्तगत यस परियोजना लाई अझ उपलब्धिमूलक वनाउनका लागी अगामी दिनहरुमा पनि एक आपसको अनुभवहरु  साटासाट गर्ने निर्णय गरियो ।

यस आ.व. २०१५/१६ मा सामाजिक लागत विश्लेषण अर्न्तगत कालिन्जोर गा.वि.स.मा रिटर्नी स्वयंसेवकले प्रथम चरणमा प्रत्येक वडाको घरधुरी संख्या, बैदेशिक रोजगारमा गएका घरधुरीहरु र महिलातथा पुरुषहरुको संख्याको तथ्याङ्क संकलन गरि दोस्रो चरणमा  उक्त वडाहरुमा दोस्रो विवाह गरेका महिला र पुरुषको जम्मा जनसंख्याको तथ्यांक संकलन गरिएको छ । तेस्रो चरणमा दोस्रो विवाह गरेका महिला र पुरुषको जम्मा जनसंख्या मध्ये श्रीमान वैदेशिक रोजगारमा गएपछि दोस्रो विवाहगर्ने महिलाहरुको संख्या र श्रीमती वैदेशिक रोजगारमा गएपछि दोस्रो विवाहगर्ने पुरुषहरुको संख्याको तथ्यांक संकलन गरि चौथो चरणमा प्रत्येक वडाहरुमा आत्महत्या गर्ने महिला र पुरुषको तथ्यांक संकलन गरिएको छ । पांचौ चरणमा परिवारका सदस्य वैदेशिक रोजगारमा गए पछि आत्महत्या गर्ने महिला र पुरुषको  जम्मा तथ्यांक संकलन गरिएको छ भने साथै श्रीमान वैदेशिक रोजगारमा गएपछि विभिन्न उदेस्यले गाउँ छोडी सदरमुकाम वा अन्य ठाउँमा वसाई सराई गरेका महिलाहरुको जम्मा तथ्यांक संकलन समेत गरिएको छ ।

यस आ.व. २०१५/१६ मा नेत्रगंज गा.वि.स. मा संचालित श्री नन्देश्वर महिला वचत तथा ऋण सहकारी संस्था ले संस्थाका साधारण सदस्यहरुलाई वै.रो. सम्वन्धि जानकारी गराईदिनुहुन यस सूचना केन्द्रलाई अनुरोध गरेको थियो भने उक्त अनुरोध अनुसार यस सूचना केन्द्रका सा.प. ले २ पटक गरि उक्त संस्थाका करिव ५०० जनालाई वै.रो. लाई कसरी सुरक्षित र उपलव्धिमूलक वनाउने भनि अभिमुखिकरण गरेका थिए । साथै यस जिल्ला वाहिर वारा जिल्लाको कोहल्वि नगरपालिका अर्न्तगत स्थानिय संस्था के.एस. लघु उद्योग तथा व्यवसाय विकास परामर्श केन्द्र प्रा.लि.को आयोजनामा वै.रो.मा जान तयार यूवाहरुलाई २ दिने अभिमुखिकरण कार्यक्रम संचालन यस सूचना केन्द्रका सा.प. ले गरेका थिए ।

## ICCs


इलाकामा पासपोर्टको प्रकृयाका क्रममा आउने व्यक्तिले भन्दा अन्य माध्यमबाट अथवा पहिला आई दोहोर्याएर आउने व्यक्तिले परामर्शका लागी प्रशस्त समय दिने गर्छन, सिपका बारेमा र सम्भावित जोखिमबाट बच्नका लागी बढो उत्सुक भई प्रश्न सोध्छन् ।

यस्तै गरी आ.व. २०१५/१६ मा सुचना केन्द्रमा आउनुभएका २९८८ मध्ये अधिकांस सेवाग्राहीहरु फोटोकपी सेन्टर तथा ईलाका प्रशासन कार्यालय वाट आउनुभएको देखिएको छ । यस आ.व.मा प्रति दिन औसतमा १० जना लाई व्यक्तिगत तथा समुह परामर्श मार्फत यस सूचना तथा परामर्श केन्द्रले जानकारी दिएको छ ।

## सूचना केन्द्रको जानकारीको माध्यम (Based on Web based entry)

| Referred By/ Referral means | No. of Visitors |
|---|---|
| Radio Jingle | 609 |
| Returnee Volunteer | 241 |
| Other Visitor | 37 |
| LGCDP Social Mobilizer | 10 |
| Other Project Staff | 9 |
| Teacher/ School Students | 14 |
| Hoarding Board | 8 |
| Mass Orientation | 204 |
| Friend/ Relative | 140 |
| Video Clips | 2 |
| Community Orientation | 80 |

| | |
|---|---|
| Photocopy Center | 558 |
| Social Worker/ SM | 111 |
| Political Parties | 33 |
| Ilaka Prashasan Office | 854 |
| Other Govt. Staff | 61 |
| Other | 17 |
| **Total** | **2988** |



## Flow of Visitor in the Passport Office and the ICC: (Based on Web based entry)

यस वर्ष २०१५/१६ मा इलाका प्रशासन कार्यलय हरिवनवाट जम्मा ४६५७ जनाले पासपोर्ट तथा पासपोर्टको सिफारिसको प्रकृया गरेको देखिएको छ । कतिपय युवाहरुको सूचनामा पहुच नपुगेको कारणले गर्दा पासपोर्ट बनाउने क्रममा मात्र सूचना तथा परामर्श केन्द्रको बारेमा थाहा भई परामर्श लिन आएको बताउछन् । यो वर्षमा आएका सम्भावित आप्रवासी कामदार मध्ये ८५४ जनाले पासपोर्ट बनाउने क्रममा सूचना तथा परामर्श केन्द्रको बारेमा जानकारी पाई आएको बताएका थिए ।

| | No of passports made | | | No of visitors in the ICC who have come from passport office | | |
|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total |
| First six months of the year (16th July 2015 to 15th Jan 2016) | 1965 | 477 | 2442 | | | 420 |
| Second six months of the year (16th Jan 2016 to 15th July 2016) | 2091 | 124 | 2215 | | | 434 |

## Major destination countries according to priority:

सुचना केन्द्रमा आउने अधिकांश आप्रवासी तथा सम्भावित आप्रवासी कामदारहरुलाई कुन देश जाने निर्णय गर्नभएको छ भनी पश्न गर्दा उत्तर दिने अधिकांसले करिव करिव ४० प्रतिशतले मलेशिया जाने योजना रहेको बताउछन् भने ५५ प्रतिशतले कतार लगायत अन्य खाडी मुलुक जाने बताउछन् भने अन्य ५ प्रतिशतले कोरिया, जापान जस्ता अलि सुरक्षित गन्तव्यमा जाने सोच भएको बताउछन् ।

**आप्रवासी कामदारले भोगेका मुख्य चुनौति तथा समस्याहरु :**

तोकेको भन्दा बढी रकम तिर्नुपर्ने, फ्रि भिषा र फ्रि टिकट भएको भिषामा पनि धेरै पैसा तिर्नुपर्ने, समुदायका व्यक्तिलाई सरकारले तोकेको अधिक्तम लागतका बारेमा जानकारी नहुने कारणले गर्दा एजेन्टले मनोमानी रुपमा रकम असुलेको, समस्यामा परेको बखतमा के गर्ने, कहाँ सम्पर्क गर्ने सो बारे जानकारी नभएको बताएका थिए र निशुल्क सीप सिकाउने स्थानको बारेमा थाहा नभएको, गाँउमा एजेन्टले काम सजिलो हुन्छ केही सिक्नुपर्दैन सामान्य काम हो भनी सम्भावीत आप्रवासी कामदार तथा तिनका परिवारलाई भ्रुक्याउने र सो कुराको विश्वासमा विना सिप विदेश जाने ,एजेन्टले घरेलु कामदारमा महिला पठाएको पनि पैसा असुल्ने, पासपोर्ट र पैसा लिएर वै.रो. मा नपठाउने, पासपोर्ट पैसा लिएर एजेन्ट फरार हुने, पासपोर्ट मेनपावरले राखीदिइ वै.रो.मा नपठाउने, तिरेको रकमको भरपाइ नदिने, तिरेको रकम भन्दा कम रकम लिएको प्रमाण हुने गरी रसिद बनाउने, पहिला पैसा दिएर रसिद दिने बताउने र कम रकमको रसिद बनाए पछि न्यायको लागी पहल गर्छु भन्दा कामदारलाई तिमीले तिरेको रकम कम भएको प्रमाणले बताउछ जे सुकै गर भनी धम्काउने, कामदारलाई बल प्रयोग गरी मेनपावरबाट निकाली दिने , विना एजेन्ट सिधै मेनपावरबाट प्रकृया नगरिदिदा एजेन्टको साथ लाउनुपर्ने, एजेन्टले पहिला भने अनुरुप तथा सम्झौता अनुरुप काममा फरक परि भिषा आउदा नजाने भन्दा पासपोर्ट र रकम फिता नगर्दिने, काठमाण्डौ ओहरदोहर धेरै पटक गराउने, मेडिकल चेक अप भनेको ठाउमा गर्न लगाई कमिशन लिने, अन्तिम अवस्थामा कागजपत्र दिने जस्ले गर्दा बुझ्न ग्राहो हुने र निर्णय लिन ग्राहो हुने जस्ता समस्याहरु नेपाल भित्र देखिएका छन्।

गन्तव्य मुलुकमा भनेको काम र तलव नपाउने, कम्पनी टुटेर अलपत्र पर्ने, गरेको कामको तलव नपाउने, विदेशमा लेवरकोर्टमा मुद्दा गर्दा कार्यगत कम्पनी छोडी बस्न खर्च नहुने, विरामी हुदाँ कम्पनीले औषधी उपचार नगरिदिने, काम धेरै कठिन हुने, कागजात कम्पनीले राखी कामदारलाई अलपत्र पारिदिने, कुटपिट गर्ने , घरमा सम्पर्क गर्न नदिने, कागजपत्र विहिन भएर काम गर्नुपर्ने, जेल जानु पर्ने, जवरजस्ती अपराधका मुद्दा स्वीकार गर्नुपर्ने , करार अवधि सकिए पछि पनि कम्पनीले फर्किन नदिने, जस्ता समस्या गन्तव्य मुलुकमा आप्रवासी कामदारले भोगेको पाइयो ।

यस्तै गरी विदेश गइसकेपछि नेपाल फर्किआएका रिटर्नीहरुमा पनि समस्याहरु देखिएका छन् । विदेशमा सिकेको सिपको सदुपयोग हुन नसक्नु, रेमीट्यान्सलाई उत्पादन क्षेत्रमा लगानी नहुने कारणले गर्दा वयक्ति स्वदेशमा वेरोजगार बन्ने , स्यवम् व्यवसाय गर्ने सीप तालिम तथा पूजीको व्यवस्था नहुने, समाजमा घुलमिल हुन ग्राहो हुने, वैदेशिक रोजगारमा राम्रो कमाई नभएका रिटर्नीहरुको परिवारमा पारिवारीक समस्या तथा आर्थीक समस्या देखिएको, पारिवारिक विखण्डनको समस्याले विदेश नजाने निर्णय गरेका व्यक्तिहरु पून वै रोको प्रकृया जान बाध्य भएका छन्।

## छोटकरी विशलेषण :

सुचना केन्द्रमा जुलाई १६,२०१५ देखी जुलाई १५, २०१६ सम्म ३८१ महिला र २६०७ पुरुष सहित २९८८ जना परामर्शका लागी आउनु भएको थियो । यसरी परामर्शका लागी आएका २९८८ जना र साप्ताहिक अभिमुखीकरण कार्यक्रममा आएको ४३३ जनाको अनुपात १४ प्रतिशत देखिन्छ । साप्ताहिक कार्यक्रममा आउँदा एक पटक आइसीसी आएकाले आफनो परिवारका अन्य सदस्यहरु र साथीहरुलाई लिएर आउने गर्दछन भने सामुदायिक कार्यक्रमका महिलाहरुले छोरा, छिमेकी युवा लाई पठाउने तथा आफै पनि आउने गर्छन ।

**सामुदायिक अभिमुखिकरण कार्यकम गरेका समुहहरु यस प्रकार रहेको छ ।**

- एलजिसिडिपि समुह ३
- सामुदायिक वनः ३
- युथ क्लव : १४

सामुदायिक अभिमुखिकरण कार्यक्रमले ग्रामीण स्तरमा सचेतना बढाएको छ, वैदेशिक रोजगारका २२ वटा समस्याहरु सुचना केन्द्रमा आएका छन् । समुदायका व्यक्तिहरुले आफुहरुलाई मेनपावर छुट्याउन नआउने हुँदा सुचना केन्द्रले कुन राम्रो छ भनी दिए हुने अपेक्षा जनसमुदायले राख्ने गरेका छन् । पहिला पहिला मेनपावर एजेन्टबाट पासपोर्ट फिर्ता लिन बलको सम्म प्रयोग गरी जोखिम मोल्नु परेकोमा अवका दिनमा सुचना केन्द्र भएपछि त्यसको सामाधान हुने आशा व्यक्त गरेका छन् ।

मीडीया पार्टनरले संचालन गर्दै आएको विद्यार्थी लक्षित कार्यक्रम, शिक्षकहरुलाई तालिम दिने, गा.वि.स. सचिवहरुलाई अभिमुखिकरण गर्ने, जिल्ला स्थित पेशागत कानून व्यवसायी तथा पत्रकारहरुलाई अभिमुखिकरण तथा सम्मान गर्ने जस्ता कार्यक्रमहरुले यस परियोजनको लक्ष्य तथा उपलब्धि प्राप्त गर्न साकारात्मक भुमिका खेलेको छ

।

## मनोसामाजिक परामर्श सम्वन्धि समस्याहरु, मनोसामाजिक परामर्शकर्ताको भुमिका : कस्तो मनोसामाजिक समस्यामा के परामर्शको विधि को प्रयोग गरिन्छ ।

रिटर्नी, महिला स्वास्थ्य स्वयम सेविका, स्थानिय महिला अगुवा, समुह मनोपरामर्श, सामाजिक परिचालक, मनोसामाजिक परामर्शकर्ता स्वयंमका माध्यमबाट वैदेशिक रोजगारका कारणबाट समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको समस्या पहिचान गरी उनीहरुको मनोगत समस्या पत्ता लगाइ विभिन्न विधिहरुको प्रयोग गरी समस्या न्युनिकरण गरिएको छ । यस वर्ष परामर्श गरिएका ८३ केश मध्ये ८ वटा आपतकालिन केशमा १४ जनालाई रु २५ हजार बराबरको आकस्मिक सहयोग गरियो । जसमा औषधि उपचार, लत्ताकपडा, खाद्यान्न र शैक्षिक सामाग्रिको व्यवस्था गरीएको थियो । उनीहरुलाइ अप्ठ्यारोमा पर्दाको बखतमा सानो रकम तथा समानको सहयोगले पनि आफुहरुलाई ठुलो मदत पुर्याएको सेवाग्राहीहरु बताउछन् । यस वर्ष ८३ वटा केशमा व्यक्ति तथा परिवारलाई परामर्श गरिएको थियो । जस्मा ४७ जना सेवाग्राहीले अघिल्लो चरणमा परामर्श लिन शुरु गरेको र ३६ जनालाई यस चरणमा परामर्श दिन शुरु गरिएको छ । यो अवधिमा ५२ वटा सेवाग्राहीको अवस्थामा सुधार आई परामर्श समाप्त गरिएको छ जसमध्ये ५ वटा सेवाग्राहीको परामर्श प्रकृया डिफल्ट रहेको छ । हाल ३१ जना सेबाग्राहि लाइ निरन्तर परामर्श दिइएको छ । यस वर्ष १४ वटा अनलाईन कथाहरु प्रकाशित भएका छन् ।

| क स | मनोसामाजिक समस्या | संख्या |
|---|---|---|
| 1 | सामाजिक लान्छना | ४ |
| 2 | डिप्रेशन, दिक्दारीपन | २ |
| 3 | आत्माहत्याको प्रयास | १ |
| 4 | पीरचीन्ता | ७० |
| 5 | आघात | २० |
| 6 | मनसिक रोगि | ५ |
| 7 | छारे रोग | १ |
| 8 | बौधिक अपाङ्गता सुस्तमनस्थीति | १ |
| 9 | शरिर नचल्ने | ४ |
| 10 | गरिवी तथा ऋण बढेको | २२ |
| **जम्मा केश** | | **८३** |

**मुख्य मनोसामाजिक समस्याः परामर्श विधि**

- मनमा पिर चिन्ता लिई खाना नखाने, आफ्नो स्वास्थ्यको ख्याल नगर्ने व्यक्तिलाई चिन्ताको चित्र बनाई विभिन्न काल्पनिक प्रश्नहरु गरी चिन्ता लिएर भएका फाइदाको लेखाजोखा गराइ परामर्श मार्फत चिन्ता मात्र गरेर समस्या सामाधान नहुने महशुस गराउने ।

- शरिरको बिभिन्न भागहरु दुख्ने, निन्द्रा नपर्ने सेवाग्राही हरुलाई शरिर शान्त राख्ने तथा ध्यान एकिकृत गर्ने अभ्यास गराउने ।
- आत्मविश्वास तथा आत्मवलको कमि भएका र भविष्यको चीन्ता उपशंका भएका सेवाग्राही हरुलाई सकारात्मक आत्म संवाद गर्न लगाउने ।
- अरुको बोलि तथा वचनले गर्दा मनमा नकारात्मक विचार हरु आई रहने सेवाग्राही हरुलाई हास्यकलाकारको आवाजमा उक्त बोलि तथा वचन कल्पना गर्न लगाई ध्यान अन्यत्रै लैजान सिकाउने ।
- मनमा पिर चिन्ता भई शरिरमा असहज महशुस गरेका व्यक्तिहरुलाई लामो लामो श्वास प्रश्वास अभ्यास र पानीको महत्व वुझाइ पानी खान उत्प्ररित गर्ने ।
- विगत र भविष्यमा आफनो सोचाई लाने सेवाग्राहीहरुलाई वर्तमानप्रति सचेत हुने अभ्यास गराउने ।
- निन्द्रा नलाग्ने सेवाग्राहीलाई सुत्नुभन्दा अगाडी चिसो पानीले हात खुट्टा धुने, आधि घण्टा अघि टि भि बन्द गर्ने, भेडाको ठुलो बथान आँखा अगाडी भएको कल्पना गरी भेडा गन्न थाल्ने अभ्यास गराउने ।
- आत्महत्याको सोच बनाएको वा प्रयास गरेको व्यक्तिलाई ढुंगाको प्रयोग गरी (परिवारको सदस्यहरुको रुपमा) कल्पना गर्न लगाइ काल्पनिक प्रश्नहरुद्वारा मर्ने सोच त्यागी जीउने आशा जगाउने ।
- अत्याधिक रक्सी सेवन गर्ने व्यक्तिलाई उसको सम्मान गर्दै रक्सी खाएर के फाइदा भएको छ, यस्ले फाइदा गर्छ भन्ने जानेर रक्सी खाने निर्णय कहिले गर्नुभयो । र अब कहिले सम्म यसरी नै खाइरहने निर्णय गर्नूभएको आदि प्रश्नहरु र जिवनमा रक्सीको स्थानको अभ्यास गराइ छलफल गराउने ।
- आत्मवलको कमी भएको व्यक्तिलाई सीङ्गल पीस खेल, श्रोतको रुख भर्ने, आफुलाई गर्व लाग्ने वा अरुले प्रशंसा गरेको ५वटा कार्यहरु भन्न लगाई प्रशंसा गर्ने ।
- विद्यालय नियमित नभएका पढ्न मन नगर्ने बालबालिकालाई क्यालेनडर विधि, कथा विधि, पुरस्कार, प्रोत्साहन तथा प्रशसा गर्ने ।
- सरसफाईमा कमी भएका बालवालिकालाई सरसफाई नगर्दा हुने वेफाइदावारे छलफल, झिंगाको कथा तथा सरसफाईको कथा मार्फत प्रेरित गर्ने ।
- छोराछोरीको व्यवहारमा समस्या भएका अभिभावकलाई वालबालिकासंग समय विताउने उनीहरुले गरेको साना साना राम्रा कामहरु औल्याइ प्रशंसा र प्रोत्साहन गर्ने, उनीहरुको कुरा सुन्ने, कथा भन्ने गर्ने तर गाली कुटपिट नगर्ने ।
- श्रीमान श्रीमती विच सम्वन्ध विग्रेको , श्रीमानले शंका गर्ने, फोनमा झगडा परिरहनेलाई मिठा मिठा र एकले अर्काको ख्याल गर्ने खालको एस एम एस तथा कुरा गर्ने फोन तथा एस एम एस विधिको प्रयोग गरी सम्वन्ध सुधारको पहल गर्न लगाउने ।
- देश भित्र रहेका आफ्नो र छोराछोरीको ख्याल नगरी विदेशमा समस्यामा रहेको व्यक्तिको मात्र चिन्ता गर्ने लाई विदेशमा समस्यामा रहेको व्यक्तिको सहयोगको लागी अरु पनि धेरैजना लागीरहनु भएको तर सेवाग्राही

स्वयम् तथा छोराछोरीको लागी आफु मात्रै रहेको चित्रबाट आफ्नो र छोराछोरीको ख्याल आफैले गर्नुपर्ने महशुस गराउने ।

## मनोसामाजिक परामर्शमा रिटर्नीहरुको भूमिका

यो वर्षमा मनोपरामर्श शुरु गरिएका समस्याहरु मध्ये १९ वटा मनोसामाजिक समस्या रिटर्नीले पत्ता लगाएका छन् भने मनोसामाजिक परामर्शमा रिटर्नीहरुको भुमिका यस प्रकार रहेको छ ।

### व्यक्तिगत मनोसामाजिक परामर्शतर्फः

- केश खोजि गर्न ।
- सेवाग्राहीसंग मनोसामाजिक परामर्शकर्ता को भेटघाटको समय मिलाउन ।
- घरभेटको वातावरण मिलाउन ।
- सेवाग्राहीको अवस्थाबारे अपडेट गर्न ।
- आपतकालिन सेवा (औषधी उपचार खाना लत्ता) हरुमा परामर्शकर्ताको सहयोगीको भुमिका ।

### समुहगत मनोसामाजिक परामर्शतर्फ

- वैदेशिक रोजगारमा सदस्य गएको घरपरिवार पहिचान तथा समुह निर्माण गर्न ।
- समुह निमार्णमा सहयोग जस्तै स्थान छनोट र समय निर्धारण ।
- वैठक वस्ने बारे अग्रिम जानकारी दिन तथा आकस्मिक परिवर्तन आउने भएमा सो को व्यवस्था मिलाउन ।
- समुह छलफल लाई व्यवस्थित वनाउन ।
- वालवलिकाहरुलाई खेलाएर समय मिलाउन अर्थात समुह छलफलको बाताबरण तयार गरिदिन ।
- समुह छलफलको वेला अन्य मानिस आएमा उनिहरुसंग परियोजना र कार्यक्रमको बारेमा कुरा गर्न ।

## Analytical Information on Visitor which were followed up:

आ.व. २०१५/१६ मा यस सूचना तथा परामर्श केन्द्र मा सम्पर्क गर्ने २९८८ जना मध्ये सम्भावित वै.रो.मा जाने यूवाहरु अथवा वै.रो.मा गईसकेका परिवारका व्यक्तिहरु संग फोन सम्पर्क गरि निम्न अनुसारको जानकारी लिइएको छ । २९३ जनालाई फोन सम्पर्क गर्दा ४९ जना वै.रो.मा गएको पाइएको थियो । ७१ प्रतिशत व्यक्तिले घरमा कागजपत्र छोडेको पाइएको छ भने ५१ प्रतिशत व्यक्तिले सीप तालिम लिएर वै.रो.मा गएको पाइएको छ ।

| Results | Men | Women | Total |
|---|---|---|---|
| Number of clients follow up by phone | 266 | 27 | 293 |
| Number of clients left for foreign employment | 46 | 3 | 49 |
| Number of clients who left documents at home[1] | 33 | 2 | 35 |
| Number of clients who took skills training | 23 | 2 | 25 |
| Number of clients who asked for receipts | 13 | 1 | 14 |
| Number of clients who really got receipts of paid amount | 3 | 0 | 3 |
| Number of clients who got receipt of less than they paid | 7 | 0 | 7 |
| Number of clients who really got receipts of | 4 | 2 | 6 |
| Number of clients who paid less than ( amount than ask for) | 9 | 3 | 12 |
| No of clients who paid within the govt. ceiling (in case of old demand) | 0 | 0 | 0 |
| Number of clients going on free visa, free ticket provision ( paid maximum Nrs. 10,000) | 0 | 0 | 0 |
| Number of clients paid more than Nrs.10,000 on free visa, free ticket provision | 40 | 3 | 43 |
| No of clients who have not decided yet | 23 | 2 | 25 |
| No of clients who have not left (in process ) yet | 87 | 8 | 95 |
| Number of clients decided not to go | 38 | 4 | 42 |
| Number of clients who faced difficulties after reaching to the destination ( in case of already left clients) | 0 | 0 | 0 |
| No of clients unsuccess migration process | 43 | 6 | 49 |
| No of clients start working in Nepal | 29 | 4 | 33 |

## निःशुल्क सिप तालिमः

यस आ.व. २०१५/१६ मा यस सूचना तथा परामर्श केन्द्र वाट एफ स्किल मा ७१ जनालाई तालिम लिनको लागी पठाएकोमा ६२ जनाले सीप तालिम लिएका छन् भने स्थानिय स्तरमा ११ जना सेवाग्राही लाई सीप तालिमका लागी सम्पर्क गराएको छ । गत वर्षको तुलनामा तालिम लिने सहभागीको संख्यामा वृद्धि भए पनि अगामी दिनहरुमा तालिम लिनका लागी अझ उत्प्रेरित गर्नु पर्ने देखिन्छ । सेवाग्राहीहरु तलिमका लागी उत्प्रेरित भएको मौका र तालिम योजना नजिक भएमा तालिममा समन्वय गर्न सजिलो हुनी अनुभवले देखाएको छ। बाकी व्यक्तिहरु छनौट प्रकृया नपरेको, काठमाण्डौ जादा जादै एजेन्टले मोडीदिएको, योजना अनुसारको समयमा सीप नभएको भनी सेवाग्राहीले तालिम नलिएको वताए । सहभागी भएकाहरुको अनुसार सम्वन्धित तालिम केन्द्रकै रहोवरमा विदेश जानुपर्ने भएता पनि तिरेको रकमको भर्पाइ नपाउने, सम्झौता बमोजिम काम रहे भिषा नआउने, पासपोर्ट होल्ड गरी राख्ने जस्ता समस्या छन् भने सिप प्रदायक संस्था संस्थामा सिप तालिम अवधि भरी खाना बसाई सिप तालिमको व्यवस्थापन राम्रो नै रहेको जानकारी पाइयो । तालिम पश्चात मेनपावर खोज्नु नपर्ने तालिम अवधिमा नै

[1] Documents left to verify which documents; copy of - passport, Visa, Labour approval, contract paper, insurance….

अर्न्तवार्ता हुने र वै रो वाट फर्किएका प्रशिक्षकबाट हुने हुदाँ सिप संगै विदेशको बारेमा जानकारीहरु पनि पाउने राम्रो पक्ष भएको जानकारी पाइयो ।

आ.व. २०१५/१६ को तालिम विवरण :

| क.सं. | तालिमको नाम | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्लम्बिङ्ग | ० | ८ | ८ | एफ स्किल |
| २ | इलेक्ट्रिसियन | ० | ३३ | ३३ | एफ स्किल |
| ३ | गारमेन्ट | १५ | ० | १५ | एफ स्किल |
| ४ | स्काफोल्डिङ्ग | ० | ६ | ६ | एफ स्किल |
| **जम्मा** | | **१५** | **४७** | **६२** | एफ स्किल |
| ५ | सिलाई | १ | ० | १ | स्थानिय स्तर |
| ६ | व्यूटीपार्लर | १ | ० | १ | स्थानिय स्तर |
| ७ | प्लम्बिङ्ग | ० | ४ | ४ | स्थानिय स्तर |
| ८ | इलेक्ट्रिसियन | ० | ५ | ५ | स्थानिय स्तर |
| **जम्मा** | | २ | ९ | **११** | स्थानिय स्तर |

## रिर्टनी स्यंमसेवक ले प्राप्त गरेका उपल्वधी तथा तीनीहरु मा देखिएका खुवी र कम्जोरीहरु :

सुरक्षित आप्रवासन सुचना तथा परामर्श केन्द्र हरिवनमा आवद्ध १० जना रिर्टनी स्यंमसेवकहरुले आ.व.२०१५/१६ मा ४३२७ वटा घरमा गई ६२६३ जना सम्भाव्य आप्रवासी कामदारलाई वैदेशिक रोजगार सम्वन्धि सुचना दिएका छन् । आइसीसीमा आउने सम्भाव्य आप्रवासी कामदार मध्ये २४१ जनाले उहाँहरु मार्फत सुचना केन्द्रको बारेमा थाहापाएर सूचना केन्द्रमा थप जानकारी तथा परामार्श लिन आएका छन् । जनसमुदायलाई सुचना दिने क्रममा सुचना केन्द्र आउन भन्दै विदेश जाने तथा समस्यामा परेकाहरु मात्र सुचना केन्द्रमा आएर सम्पर्क गराउने कार्य रिर्टनर्नी स्यंमसेवकहरुबाट भइरहेको छ । यस्तै गरी बजार कार्यक्रम , सडक नाटक कार्यक्रम, मनोसामाजिक परामर्श, स्वदेशमा व्यवसाय गर्न इच्छुक युवाहरुको खोजी लगायतका कार्यक्रममा रिटर्नीहरुको सहयोग महत्वपूर्ण रहेको थियो । वैदेशिक रोजगार सम्वन्धि केशहरु जम्मा १९ वटा आइसीसीमा र १९ वटा मनोसामाजिक परामर्शका केशहरुका पिडितका समस्याका सामाधानका लागी रिर्टर्नी स्यंमसेवकहरुले समन्वय गरेको छन् । यस्तै गरी एस एम एस विधि गाउ घरमा सिकाउने कार्य गरेका छन् । विदेशमा गई रोजगार गरेको अनुभव भएकोले उहाँहरुले दिएको सुचना तथा सल्लाहमा समुदाय विश्वास गर्छन् । रिटर्नी स्वयम्सेवकहरुले सुचना दिए पश्चात सुचना केन्द्रमा सिपका लागी तथा वैदेशिक रोजगार सम्वन्धि अपडेटेड जानकारीका पुष्टीका लागी सूचना केन्द्रमा सम्पर्क राख्ने गर्दछन् । गा.वि.स.का कर्मचारी , सामाजिक अगुवाहरुले उहाँहरुको कार्यको प्रशंसा गर्नूभएको छ,। उहाँहरुको यस सेवालाई प्रभावकारी बनाउनका निमित्त उहाँहरुलाई समूदायमा काम गर्ने सीप र क्षमता बढाउनु आवश्यक हुन्छ ।

रिटर्नी स्यवम्सेवकहरुले यही वर्षमा घरभेट गरी सूचना प्रवाह गरेको १२१५ घरमा पुन फ्लोअपमा उहाँहरु जाँदा घरभेट पश्चात ५५ जना विदेश गएका र विदेश गएका मध्ये ४६ जनाले घरमा कागाजात छोडेको पाईयो ।

**एजेन्ट तथा प्रहरी संगको सहकार्य :**

सिधै मेनपावरसंग पहुच नभएका जनसमुदायहरुको अवस्थालाई हेरी स्थानीय एजेन्टहरु वै.रो. का एउटा महत्वपूर्ण सरोकारवाला भएको नाताले यस वर्ष एक वटा एजेन्ट अभिमुखीकरण कार्यक्रम संचालन गरीयो जसमा ३७ जानाको सहभागीता रहेको थियो जस्को प्रभाव सकारात्मक रहेको छ । एजेन्टहरुले वैदेशिक रोजगारका आवश्यक पर्ने सूचना सुचना केन्द्रबाट लिने गर्दछन् । लट नं, मेनपावरको आधिकारीकता, सरकारी नियम आदिका बारेमा सोधपुछ गर्ने गर्छन् ।यी छलफल कार्यक्रम ले एजेन्टहरुलाई आप्रवासी कामदार प्रति जिम्मेवार वनाउन् को साथै पिडित व्यक्तिहरु लाई सहयोग गर्न को लागी सुचनाकेन्द्र संग सहकार्य गराउने मानसिकता को विकास भएको छ । साथै एजेन्टहरु ले आप्रवासी कामदारहरु को हकहितको लागी सम्वन्धित म्यानपावरहरुसंग भर्पाई, कागजातहरु, काम आदि को वारे कुरा राख्न थालेका छन् र आप्रवासी कामदारलाई सही जानकारी दिन थालेका छन् । आप्रवासी कामदारको न्यायको लागी मेनपावरसंग पहल गर्नका लागी सुचना केन्द्रको सहयोग लिने गर्छन् ।

स्थानिय स्तरमा केश सामाधानका लागी प्रहरी निकाय वाट राम्रो सहयोग प्राप्त भईरहेको छ, यस वर्ष ९७ वटा केश मध्ये ४३ वटा केश स्थानिय स्तरमा सफल भएकोमा १२ वटा केशमा प्रहरी निकायले सहयोग गरेको छ । एजेन्टले समय दिन न खोज्ने, रकम तथा पासपोर्ट फिर्ता गर्न न मान्ने जस्ता केशहरुमा प्रहरी निकायले एजेन्टलाई कानूनी त्रास देखाएर केश सफल पार्न सहयोग गर्ने गरेको छ ।

**वै.रो. का नीती नियम वारे जानकारी ले समस्या सामाधानमा गरेका सहयोग :**

प्रमाण नभएका तथा स्थानीय एजेन्टसंग सम्वन्धित केशलाई स्थानीय स्तरमा स्थानिय प्रशासन, प्रहरी र नागरिक अगुवाहरुसंग समन्वय गरी र म्यानपावर, वोंड, विभाग आदीसंग सम्वन्धित तथा गन्तव्य मुलुकमा घटेका केशहरु काठमाण्डौ स्थित सम्वन्धित संस्था ( पिपुल फोरम, पि.एन.सी.सी, पौरखी) मा पठाई समाधानको लागी प्रयास गर्ने गरिएको छ । स्थानिय प्रशासन र प्रहरीसंगको समन्वयबाट स्थानिय स्तरमा केशहरु सामाधान हुदैछन् । विगतमा वैदेशिक रोजगार सम्वन्धि समस्या वै रो विभागले मात्र हेर्छ भन्ने धारणा परिवर्तन गर्नका लागी स्थानिय लेनदेन स्थानिय स्तरमा सामान्यकीकरण गरी मिलाउन सकिने तर्क प्रस्तुत गरी स्थानिय स्तरको केश सामाधानको प्रकृयामा लगिने गरेको छ । मेनपावर र एजेन्टले सुचना केन्द्रमा निवेदन दिएको थाहा पाएपछि पिडितहरुलाई बोलाई समस्या मिलाउने गर्छन् । पिडीतको न्यायको लागी एजेन्टहरुले सुचना केन्द्रसंग सहकार्य गर्ने गरेका छन् । परियोजना शुरुवात अगावै सर्लाही जिल्लाबाट एक जना मात्र लाईसन्स प्राप्त एजेन्ट भएकोमा हाल ६ जना सर्लाही जिल्ला कै र एक जना अन्य जिल्लाका रहेका छन् जस्ले गर्दा एजेन्टहरु व्यवस्थित बन्ने क्रममा रहेको देखिन्छ ।

**केश का प्रकृति तथा विवरण :**

यो वर्षमा जम्मा ९७ वटा वैदेशिक रोजगार संग सम्वन्धित केशहरु सुचना केन्द्रमा आएको छ जसमा ७९ वटा केशहरु सफल भएका छन् । केशहरु को विवरण यस प्रकार रहेको छ :

**आ.व. २०१५/१६ मा आइसीसीमा आएका समस्याका प्रकृति**

| क स | समस्याका किसिम | संख्या | पठाईएको संस्था | सफल संख्या | प्रकृयामा | राष्ट्रिय संस्थाबाट पठाइएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | मेडिकल फेल | 8 | PF /ICC | 8 | 0 | 8 | |
| 2 | स्वास्थ्यमा समस्या | 6 | PNCC & ICC | 6 | 0 | 6 | |
| 3 | जेलपरेको | 4 | PNCC | 2 | 2 | 4 | |
| 4 | काम फरक | 21 | PF/ICC process | 19 | 2 | 14 | |
| 5 | क्षतीपूर्ती | 9 | PF/FEPB | 8 | 1 | 9 | (मृतकको परिवारलाई) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | पासपोर्ट फिर्ता | 9 | Icc | 4 | 5 | 0 | |
| 7 | नेपाल भित्र ठगी | 9 | Icc | 7 | 2 | 0 | |
| 8 | नक्कली श्रम | | People forum | | | 0 | |
| 9 | सम्पर्क विहिन / अलपत्र | 3 | PNCC | 3 | 0 | 3 | |
| 10 | काम नपाएको | 1 | ICC | 1 | 0 | 0 | |
| 11 | अंगभंग भएको क्षतिपुर्तिको माग तथा विमा माग | 4 | People forum, Insurance Company,Icc | 3 | 1 | 4 | |
| 12 | क्षतिपूर्ति (वै रोबाट फर्केको | 15 | Icc, people forum | 12 | 3 | 15 | |
| 13 | नेपाल फिर्ता | 7 | PF /ICC | 5 | 2 | 7 | |
| 14 | वढि रकम मागेको | 1 | PF /ICC | 1 | 0 | 1 | |
| जम्मा | | 97 | | 79 | 18 | 71 | |

गत वर्षको वाकी केश संख्या :– १६ वटा

सफल :– ४ वटा (३ वटा PNCC र १ वटा PF )

क्षतिपुर्ती :– रु. ६००००/–

प्रकृयामा :– १२ वटा (८ वटा PNCC र ४ वटा PF )

वै.रो. वाट फर्केका क्षतिपुर्ती :– २ वटा

नेपाल फिर्ता :– ३ वटा

नेपाल भित्र ठगि :– ५ वटा

लाश फिर्ता :– १ वटा

विदेश को विमा :– १ वटा

आइसीसीमा आएका केशहरुको श्रोत

| क.सं. | श्रोत | केश संख्या |
|---|---|---|
| १ | जिल्ला परियोजना संयोजक | १ |
| २ | ईलाका प्रशासन कार्यालय | ७ |
| ३ | रिटर्नी स्वयंसेवक | १९ |
| ४ | छिमेकी तथा साथीभाई | ३१ |
| ५ | स्थानिय जानीफकार | १ |
| ६ | सामाजिक परिचालक | २ |
| ७ | ग्रा.ना.उ.संघ केन्दिय कार्यालय | ४ |
| ८ | सामुदायिक अभिमुखिकरण | ८ |
| ९ | सडक नाटक | २ |
| १० | गा.वि.स. सचिव | ४ |
| ११ | रेडियो कार्यक्रम | ८ |
| १२ | वजार कार्यक्रम | १ |
| १३ | ICC कर्मचारी | २ |
| १४ | छिमेकी वैकं | १ |
| १५ | मनोसामाजिक परामर्श | १ |
| १६ | सहयोगी समाज नेपाल | ३ |
| १७ | एजेन्ट | १ |
| १८ | गन्तव्य मुलुक | १ |
| जम्मा | | ९७ |

**केशहरु पेन्डिगमा रहने कारणहरुः**

- जिल्ला बाहिरको एजेन्ट हुने तथा एजेन्ट सम्पर्क विहिन हुने ।
- प्रहरी कार्यलयमा पिडकले म्याद थप गरीरहने ।
- पिडितहरुको समस्यासंग सम्वन्धित प्रमाण तथा कागाजातहरु नहुने ।
- पिडितहरु प्रकृयाका लागी काठमाण्डौ नजाने ।
- पिडित केश प्रकृया थाती राखी पुन वैदेशिक रोजगारीमा जाने र निजका परिवारका व्यक्तिहरु पनि सम्पर्कमा नआउने ।

**राष्ट्रिय पार्टनरसंग केश प्रकृया गर्दा आएका समस्या**

- पार्टनर संस्थाले समयमा र सही सूचना नदिदा छिटो काम नगरेको र सही जानकारी नदिएको भन्दै सूचना केन्द्र प्रति सेवाग्राहीले नकारात्मक सोच राख्ने ।
- प्रमाण कम भएका तथा जानकारी कम भएका केशहरु सकेसम्म नपठाइदिनुहोस भन्ने  गरेको ।
- केशको अपडेटहरु ढिलो दिने गरेको
- जेल केशमा पार्टनर सस्थाले पिडितका आफन्ती तथा साथीले दिएको अपडेटका आधारमा सुचना दिने हुँदा सो जानकारी परिवारले नै अगाडी पाउने हुँदा खै तपाईहरुले त नयाँ खवर नदिएको भनी भन्ने गरेको ।

## केश रिफर गर्दा सेवाग्राहीले दिएका विचारहरुः

- प्रकृयाका लागी काठमाण्डौ जान भाडा खर्च, खान बस्ने खर्च लाग्ने हुँदा निशुल्क भए पनि महंगो पर्ने सेवाग्राही बताएको, न्यायको प्रकृया जिल्लाबाटै गरिदिए हुने थियो ।
- काठमाण्डौ जानै पर्ने जटिल केशमा कमजोर आर्थीक अवस्थाका सेवाग्राहीलाई काठमाण्डौ बस्ने खाने व्यवस्था भए सहज हुने थियो ।
- काठमाण्डौबाट प्रकृया गरेको संस्थाले अपडेट ढिलो गरेको, परिवारलाई पुरानो अपडेट दिने गरेको ।

**आइसीसीबाट केश प्रकृया गर्दा आएका समस्या**

- आइ. सी. सी. को सेवा ग्राहीहरु पर्खन नचाहने तूरुन्त समस्याको समाधान होस भन्ने चाहना राख्ने ।
- कागजपत्र नभएको केश पनि आशा बोकेर आउने गर्दा प्रक्रियामा लैजान ग्राहो भएता पनि प्रकृयामा लैदिएको केहीको सफल भएको तर असफल भएकाले आफ्नो केशमा पहल नगरिदिएको बुझाई राख्ने ।
- स्थानिय स्तरको केशमा पिडक र पिडित एउटै स्थानको नहुँदा मध्यस्तता गर्न गाह्रो पर्ने।
- केश दर्ता गर्ने तर एजेन्टले प्रलोभन देखाएपछि पिडित एजेन्टसँग मिल्ने र केश प्रक्रियामा नलानु भन्ने गरेको र १।२ महिना पछि पुन केश प्रक्रियामा लानु भन्ने गरेको ।
- प्रहरीमा गएका मुद्दाहरुमा पिडकले प्रहरीमा समय म्याद थप गरिरहने गर्दा पिडीतहरु समस्यामा परेको ।

**सुरक्षित वैदेशिक रोजगारवारे जिल्ला स्तरीय  कार्यकम :**

आप्रवासन दिवसको अवसरमा र्‍याली प्रर्दशनले सूचना केन्द्रमा सूचना लिन आउनका लागि गहण बातावरण बनाएको छ । यसले सबैलाई बैदेशिक रोजगारीका सुचनाहरु बुझ्न मद्दत पुगेको छ तथा सूचना केन्द्रमा जानु पर्छ

भन्ने सन्देश दिएको छ । तिनवटा स्थानिय सेवा प्रदायक संस्थाहरु संग आप्रवासी हकहित संरक्षण केन्द्रले अभियानकै रुपमा सञ्चालन गरेको यस कार्यक्रमलाई संस्थाहरुको समन्वयताको प्रतिफल मान्न सकिन्छ । जिल्ला सामी परियोजना समन्वय समितिको वैठक तथा अन्य वैठकहरुमा आकस्मिक कोष खडा गर्ने निर्णय अनुसार आकस्मिक कोष संचालन नियमावली समेत तयार भएको छ । समन्वय समितिका अध्यक्ष एवं स्थानिय विकास अधिकारी ज्यूले आकस्मिक कोष खडा गर्न सहयोग गर्ने वताउनु भएको छ ।

**आम सचेतिकरणका क्रियाकपालहरुः**

सुरक्षित वैदेशिक रोजगारका लागी रेडियो सन्देश, सन्देश मूलक सडक नाटक कार्यक्रम, घुम्ती अभियान कार्यक्रम आदी सुचना प्रवाहका अन्य माध्यमहरुको रुपमा परियोजनाका क्रियाकलापहरु आम सुचना प्रवाहका लागी अति प्रभावकारी रहेको छ । यो अवधिमा सुचना केन्द्र मा आएको केशहरु मध्ये २ वटा सडक नाटक कार्यक्रमवाट आएको छ , रेडीयो सन्देशवाट जम्मा ८ वटा केशहरु आएको छ ।

**सिकाईहरु :**

- सरकारी तथा गैर सरकारी संघ संस्था संग निरन्तर सम्पर्क र समन्वय वाट परियोजनाको लक्ष्य/उपलब्धि प्राप्तीमा प्रभावकारी सहयोग पुग्ने
- समुदायमा कार्यक्रम गर्दा कार्यक्रमको प्रभावकारिता वृद्धी भई सूचना तथा परामर्श केन्द्रमा सेवाग्राहीहरु वृद्धी हुने
- परामर्श दिने शैलीमा परिमार्जन गर्दा सेवाग्राहीहरुको चासो वढ्ने
- वर्षिक कार्य योजना अनुसार कार्यक्रमहरु सम्पन्न गर्दा वित्तिय प्रशासनमा हुने नकारात्मक टिप्पणी कम हुनुका साथै वजेट व्यवस्थापनमा सहयोग पुग्ने
- सूचना तथा परामर्श केन्द्रले दिने सेवालाई विगतका प्रभावकारी उदाहरणहरु श्रव्य दृश्य सामग्रीहरु मार्फत प्रस्तुत गर्दा परियोजना प्रति विश्वास वढ्ने
- वै.रो. पिडित तथा पिडकहरु संग व्यवहारिक छलफल वाट स्थानिय स्तरमा केशहरु समाधान गर्दा परियोजना प्रति सवैको ध्यान आकर्षित हुने
- सामुदायिक दोस्रो दिनमा घरेलु महिला कामदारको विषयमा छलफल गर्दा रिटर्नी महिलाले विदेशमा रहदा भोगेको र देखेको अप्ठ्यारोहरु सुनाउन दिइ छलफल गर्दा सहभागीहरुको विश्वास जित्न सजिलो हुने रहेछ ।
- समुदायिक अभिमुखिकरण कार्यक्रममा विदेशबाट फर्किएर आएकालाई नै पहिला सुचना थाहा नहुदाँ आफुले भोगेको दु:ख भन्न दिदा छलफलको विषयवस्तुमा सहभागीको रुची हुने रहेछ ।
- विदेशमा समस्या परेको समस्यामा सुचना केन्द्रमा परामर्शकर्ताबाट गरिने प्रकृया र सामाजिक कार्यकर्ताबाट गरिने पिडितका परिवारका सदस्य संग गरिने मनोसामाजिक परामर्श प्रकृयाकाबारेमा पिडितका परिवारलाई प्रष्ट पारेर परामर्श गर्दा सहज हुने रहेछ ।
- गाँस, बास, कपास तथा औषधी उपचार जस्ता आवश्यकता मा सहयोग गरी मनोसामाजिक परामर्श गर्दा प्रभावकारी हुने रहेछ ।
- मनोपरामर्शमा सेवा ग्राहीसंग राम्रो सम्वन्ध विस्तार नभएसम्म विधिको प्रयोग गर्दा विधि प्रभावकारी नहुने र सेवाग्राहीमा परिवर्तन दिगो ल्याउनका लागी उनीहरुका विकल्पलाई नै सहजीकरण गरी अवलम्वन गरिदिदा प्रभावकारी हुने रहेछ ।
- गाँस, बास, कपास तथा औषधी उपचार जस्ता आवश्यकता मा सहयोग गरी मनोसामाजिक परामर्श गर्दा सूचना केन्द्रप्रति सेवाग्राहीको अपनत्व बढाउने रहिछ र सेवाग्राही तथा वरीपरी समुदायका व्यक्तिले साच्चै पिडाबाट बाहिर निकाल्न खोजेको रहेछ भनी सहजै पत्याउदाँ रहेछन्।
- सरकारले तोकेको रेट लिस्टमा हामीलाई उडाउदैन यो त भन्ने मात्र हो भनी समुदायका व्यक्तिहरुले भन्ने गरेको वेला यसबारेमा जानकारी पाएपछि एजेन्टसंग मोलमोलाई गरी १० हजार भन्दा बढी रकम घटाएको उदाहरण पेश गरे पछि विश्वास जित्न सजिलो हुने तथा रकम घटाउन सहयोग पुग्ने रहेछ

● महिलाहरुका कुरा कम सुन्ने प्रवृती समुदायमा भएकोले सामुदायिक कार्यक्रम सञ्चालन गर्दा युवा क्लवहरुसंग सहकार्य गरी युवा लक्षित गरी सञ्चालन गर्नुपर्ने रहेछ ।

## चुनौतीहरु:

- फ्रि भिसा, फ्रि टिकट को वारेमा सरकारले पारित गरेको नीति कार्यान्वयन तहमा फितलो देखिनु
- समुदायमा चेतनाको स्तर कमजोर भएकाले एजेन्टहरुको वोलवाला वढि देखिनु
- वै.रो. सम्वन्धि कतिपय केशहरुमा सूचना केन्द्रले दिन सक्ने सेवा भन्दा वढि पीडितहरुको अपेक्षा
- निशुल्क सिप तालिमको दायरा (प्रकृती) माग भए भन्दा कम हुनु र सहभागीले चाहेको समयमा सिप तालिम नहुनु जसले गर्दा सेवाग्राहीहरुको खाली समयमा एजेन्टहरुको चलखेल वढ्नु
- परियोजनाले कसैलाई पनि वैदेशिक रोजगारीमा जानका लागी प्रत्यक्ष प्रकृया नचलाउने उद्येश्य राखेतापनि सिप तालिम केन्द्रले प्रकृया अगाडी वढाईदिदा परस्पर विरोधाभास उत्पन्न
- सिप तालिमका निम्ती काठमांडु नै जानु पर्ने वाध्यता र ग्रामिण स्तरमा व्यवहारिक सम्स्या
- फोन फ्लो गर्दा वै.रो.मा गई सकेका अधिकांस व्यक्तिहरुको फोन अफ हुने तथा फोन खुल्ला भएका व्यक्तिहरुको परिवार संग सम्पूर्ण जानकारी प्राप्त गर्न कठिनाई हुने गरेको

- घरेलु कामदारमा जाने कम उमेरका महिला एजेन्ट को चपेटा परेका महिला  भारत बाटो हुदै जाने सहभागी लाई परामर्श गर्दा समय थोरै भैएको हुदा पहिलो भेट मा नै परामर्श पुग्दैन पछि फोन समपर्क मा कमै मात्र सम्पर्क हुन्छ ।
- एजेन्ट को चपेटा मा परेको सहभागी लाई परामर्श  गर्न समस्या भएको।
- बैदेशिक रोजगारका दौरान अंग भंग भएका तथा ठगीमा परेका कामदारहरुको क्षतिपूर्ति दिलाउन कठिनाई भैरहेको छ (प्रमाण को अभाव) ।
- प्रमाण नभएको केशहरु सामाधान गर्न समस्या भैरहेको ।
- सम्भाव्य आप्रवासी कामदारहरु तथा तिनका परिवारले सीप तालिमको महत्व नवुझ्नाले निःशुल्क तालिममा धेरै जना सहभागी गराउन नसकिएको ।
- पारीवारीक सम्वन्ध  विग्रका तर पहिला उपचार नै गर्नुपर्ने अवस्थामा रहेका मानसिक रोगी भएका विरामीलाई उपचार सहयोग तथा व्यवस्था गर्न सकिएको छैन ।

## निष्कर्ष:

यस आ.व. मा तिन महिना भन्दा वढि वन्द लगायत अन्य समस्या रहेता पनि जिल्ला परियोजना संयोजकको उत्कृष्ट सहजीकरण तथा यस परियोजना का कर्मचारीहरुको लगनले जिल्ला स्थित सरोकारवालाहरुको वैठक वाहेक वार्षिक वजेट अनुरुप अन्य  कार्यक्रमहरु सम्पन्न भएको छ । यस आ.व.मा सीप तालिम लिनेको संख्यामा पनि वृद्धि भएकोले समुदाय स्तरमा गई सीप तालिमको महत्व वुझाउन सकेमा आउदो दिनहरुमा यो संख्या अझ वढ्न सकिने देखिन्छ । यस वर्ष अधिकासं केश सफल भएकोमा यस सूचना केन्द्रका कर्मचारीमा उत्साह वढेको छ  तथापी सके सम्म वै.रो. सम्वन्धि समस्या पर्नु भन्दा अगाडिनै वै.रो.लाई सुरक्षित,सफल र उपलव्धिमुलक वनाउनु पर्नेमा यस सूचना केन्द्रका कर्मचारीहरुको निष्कर्ष रहेको छ । जिल्ला अर्न्तगत तथा जिल्ला वाहिर पनि अन्य संस्थाहरुवाट वै.रो. सम्वन्धि अभिमुखिकरण गरिदिनुहुन आग्रह आउनाले यस कार्यक्रमको आवश्यक्ता अझ वढि रहेको प्रष्ट हुन्छ । ईलाका प्रशासनको सहयोग तथा अन्य सरोकारवाला निकायहरु जस्तै गा.वि.स, जि.वि.स., प्रहरी कार्यालय, मिडिया साथै राजनैतिक दलका प्रतिनिधीहरुको समन्वयले परियोजनाका कायक्रमहरु संचालन गर्न सहयोग पुगेको छ । साथै यस सूचना केन्द्रका कार्यक्रमहरुमा प्रत्यक्ष रुपले सहयोग गर्ने यस जिल्लाका अन्य साझेदार संस्थाहरुसूचना तथा परामर्श केन्द्र मलंगवा, मिडिया पार्टनर

सहयोगी समाज नेपाल तथा आप्रवासि हकहित संरक्षण केन्द्र सर्लाही लगायत सम्पूर्ण सामी परिवारलाई धन्यवाद दिदै अगामी दिनहरुमा पनि सहयोग तथा समन्वयको अपेक्षा यस सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र हरिवन ले गरेको छ ।

**Annex:**

Annex 1: Activities progress summary

| Activities | Annual Target | Accomplished Activities | Men | Women | Total | Remarks |
|---|---|---|---|---|---|---|
| Individual and group counseling | 5000 | 2988 | 2607 | 381 | 2988 | |
| Weekly orientation | 40 | 43 | 379 | 54 | 433 | |
| Weekly orientation at Community | 15 | 15 | 253 | 152 | 405 | |
| Community orientation | 20 | 20 | 343 | 263 | 606 | |
| Individual psycho social counseling | 50 | 36 | 27 | 9 | 36 | New |
| Psycho social counseling in a group | 6 group | 2 group | 0 | 71 | 71 | |
| Number of visitors referred for skill training | 100 | 62 | 47 | 15 | 62 | |
| Agent Orientation | 1 | 1 | 30 | 7 | 37 | |
| Orientation to Local Champions | 1 | 1 | 29 | 4 | 33 | |
| Follow up of PAF/LGCDP SM, SV. And PCs | 2 | 2 | 33 | 13 | 46 | |
| Orientation to WHV (FCHV) | 3 | 4 | 9 | 91 | 100 | |
| Mobile ICC Conduction | 12 | 12 | 203 | 63 | 266 | |
| International Migration Day | 1 | 1 | | | | |
| Cross Learning visit | 1 | 1 | 6 | 1 | 7 | |
| Mobile campign | 50 | 50 | | | | 17280 Pamplet distribute |
| Print Hand pamphlet | 40000 Pc | 40000 Pc | | | | |
| Emergency support | Rs.25000 | Rs.25000 | 1 | 5 | 6 | |
| Inraction with District Stakeholder | 1 | 0 | | | | |
| Dpcc meeting | 1 | 1 | 12 | 5 | 17 | |
| Supervision by Dpcc member | 1 | 1 | 7 | 1 | 8 | |

## Annex 2: Caste disaggregation report

Details of Activities, Beneficiaries and Their Analysis. (HELVETAS has strongly made the caste and ethnicity wise disaggregation mandatory)

| **No. of Participants** | **Dalit** | | | | **Janajati** | | | | | | **JanajatiNewar** | | | | **Brahmin** | | | | **Chhetri** | | | | **Thakuri** | | **Other Madhesh Caste and Ethnicity** | | **Total Men** | **Total Women** | **Grand Total** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Hill | | Madhesh/ Terai | | Mountain | | Hill | | Madhesh/Terai | | Discriminated | | None Discriminated | | Hill | | Madhesh/Terai | | Hill | | Madhesh/Terai | | Hill | | | | | | |
| | M | W | M | W | M | W | M | W | M | W | M | w | M | W | M | W | M | W | M | W | M | W | M | W | M | W | | | |
| Individual and group counselling | 175 | 24 | 155 | 3 | 0 | 0 | 969 | 236 | 440 | 16 | 1 | 0 | 76 | 9 | 210 | 33 | 5 | 0 | 240 | 50 | 63 | 1 | 6 | 4 | 267 | 5 | 2607 | 381 | 2988 |
| Weekly orientation | 27 | 7 | 29 | 2 | 0 | 0 | 138 | 34 | 69 | 0 | 0 | 0 | 15 | 1 | 23 | 0 | 0 | 0 | 41 | 10 | 9 | 0 | 0 | 0 | 28 | 0 | 379 | 54 | 433 |
| Community orientation | 13 | 30 | 35 | 0 | 0 | 0 | 124 | 106 | 36 | 6 | 1 | 0 | 4 | 2 | 40 | 36 | 7 | 0 | 11 | 82 | 47 | 0 | 4 | 0 | 21 | 1 | 343 | 263 | 606 |
| Mobile ICC Conduction | 14 | 2 | 6 | 1 | 0 | 0 | 35 | 33 | 48 | 7 | 0 | 0 | 0 | 0 | 24 | 13 | 2 | 0 | 21 | 11 | 19 | 0 | 0 | 0 | 27 | 3 | 203 | 63 | 266 |
| Agent Orientation | 2 | 0 | 1 | 0 | 0 | 0 | 11 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 3 | 5 | 1 | 0 | 10 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 30 | 7 | 37 |
| DPCC Meeting | 0 | 0 | 2 | 2 | 0 | 0 | 0 | 0 | 2 | 1 | 0 | 0 | 0 | 0 | 3 | 1 | 1 | 0 | 3 | 0 | 0 | 1 | 0 | 0 | 1 | 0 | 12 | 5 | 17 |
| Local Champion | 1 | 1 | 0 | 0 | 0 | 0 | 7 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 9 | 1 | 0 | 0 | 0 | 1 | 11 | 0 | 0 | 0 | 0 | 0 | 29 | 4 | 33 |
| PAF/LGCDP SM Orientation | 2 | 1 | 4 | 0 | 0 | 0 | 2 | 1 | 6 | 0 | 0 | 0 | 1 | 0 | 7 | 8 | 2 | 1 | 1 | 1 | 3 | 0 | 0 | 0 | 5 | 1 | 33 | 13 | 46 |
| Individual psyco social counselling | 1 | 13 | 3 | 3 | 0 | 0 | 0 | 0 | 7 | 24 | 9 | 9 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 | 0 | 7 | 0 | 0 | 0 | 5 | 21 | 62 | 83 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Psyco social counselling in a group | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 47 | 0 | 8 | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 0 | 0 | 6 | 0 | 2 | 0 | 2 | 0 | 71 | 71 |
| Orientation to FCHV | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 28 | 5 | 15 | 1 | 0 | 0 | 0 | 2 | 25 | 0 | 0 | 1 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 | 9 | 91 | 100 |
| Support to FE Victim | 7 | 4 | 9 | 1 | 0 | 0 | 22 | 4 | 26 | 0 | 0 | 0 | 1 | 0 | 8 | 1 | 1 | 0 | 3 | 1 | 5 | 0 | 0 | 0 | 4 | 0 | 86 | 11 | 97 |
| Weekly Orientation at Community Level | 3 | 4 | 27 | 29 | 0 | 0 | 35 | 45 | 97 | 35 | 0 | 0 | 4 | 0 | 9 | 8 | 10 | 0 | 30 | 20 | 24 | 1 | 0 | 1 | 14 | 9 | 253 | 152 | 405 |
| Information Provide by RV | 105 | 65 | 235 | 102 | 0 | 0 | 1216 | 497 | 1102 | 524 | 0 | 0 | 56 | 38 | 174 | 84 | 25 | 6 | 450 | 203 | 707 | 109 | 75 | 39 | 339 | 112 | 4484 | 1779 | 6263 |
| **Total** | 35 | 153 | 506 | 146 | 0 | 0 | 2559 | 985 | 1839 | 676 | 12 | 17 | 157 | 50 | 512 | 215 | 55 | 11 | 811 | 401 | 889 | 125 | 85 | 46 | 706 | 138 | 8481 | 2963 | 11444 |

**Annex 3: Access to Justice**

| Total case received | Case resolved through local level mediation | Compensation amount received | Case resolved through DAO and district police | Compensation amount received | Case referred to PNCC | Case resolved through PNCC | Compensation amount received | Case referred to PF | Case resolved through PF | Compensation amount received | Case referred to FEPB | Case resolved through FEPB | Compensation amount received |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **97** | **43** | **5,10,000** | **6** | **2,21,000** | **16** | **9** | **0** | **25** | **19** | **7,89,000** | **9** | **8** | **53,00,000** |

**Annex 4: Summary of RVs work**

| Activities | Number | Remarks |
|---|---|---|
| Total number of household visited: | 4327 | |
| Total clients information provided | 6263 | |
| Total clients follow up | 1215 | |
| Total clients left for foreign employment (in 1 year period) | 55 | Out of followed up clients |
| Total client left documents at home | 46 | |
| Number of clients going on free visa, free ticket provision ( paid maximum Nrs. 10,000) | 11 | |
| Total clients referred for skill training | 23 | |
| Total case referred to ICC | 19 | |
| Total case resolved at local level with initiation of RV | 9 | |

# Annex 5: Case stories

**मनोसामाजिक परामर्शकर्ताका भुमिका झल्किने दुइ समस्या अध्ययन :**

**समस्या एक**

गाउँमा साथीहरु संग बरालियर हिडने छोरा लाई तह लगाउने विकल्प वैदेशिक रोजगार देख्नुभयो सर्लाही नेत्रगंज १ की प्रमीलादेवी पासवानले । घरको कमजोर आर्थिक अबस्थामा छोरा विदेशिय पछि सुधार हुन्छ भन्ने कल्पनामा डुब्नु भएको प्रमीलादेवी संग छोरालाई विदेश पठाउने पैशा दीने हैसियत थिएन । त्यसैले सम्पतीको नाममा रहेको ४ कट्ठा घडेरि बन्दकिमा राखि १ लाख ५० हजार श्रृण लिनुभयो । श्रृण लिई सकेपछि प्रमीलादेवी लाई छोरालाई विदेश पठाउन जति हतार थियो त्यो भन्दा बढी हतार थियो सिराहाका एजेण्ट रसुल सेख लाई । आफुले लिएको श्रृण १ लाख २५ हजार प्रमीलादेवीले छोरा लक्ष्मीको हातमा राखि दिएर विदेश जाने प्रकृया गर्न काठमाण्डौ पठाउनु भयो ।

छोरा लक्ष्मीले काठमाण्डौ पुगेको ८ दीनपछी फोन गरि सबै प्रकृया पुराभयो, अबको ५ दीन पछी मलेसिया जानेहो भनेर फोनगर्दा प्रमीलादेवीको खुशीको सिमाना थिएन। छोरा लक्ष्मीले म भोलि विहानै घर आई पुग्दछु, २ दिन बस्दछु अनि मलेसिया उठन काठमाण्डौ फर्कन्छु भनेपछि प्रमीलादेवीको मन साझ परेदेखिनै खुशि थियो। छोराको प्रतिक्षामा रातभरि निन्द्रा परेन उनलाई।

छोरा आईपुग्दछ भनेर कुरेर बसिरहेकी प्रमीलादेवी लाई प्रहरी घरमा आएपछि मन झसङ्ग भयो। घर फर्कने क्रममा बाराको निजगढमा बस दुर्घटना परि घटना स्थलमानै लक्ष्मीको मृत्यु भएको खबर प्रहरिले सुनाउन नपाउदै प्रमीलादेवी वेहोस हुनु भयो।

यसरि छोराको मृत्युको खबर सुनेर ईन्तुन चिन्तु भएर बसेको बेलामा मनोसामाजिक परामर्श कर्ता संग प्रमीलादेवीको पहिलो पटक भेट भएको थियो। त्यती खेर प्रमीलादेवी को अनुहार मलिन रहेको थियो साथै छोराको सम्झनामा रोएर बसिरहेकी थिईन। मनोसामाजिक परामर्श कर्ता र परिवारका सम्मपूर्ण सदस्यको उपस्थीतीमा मृतकको सम्झनामा संमवेदना प्रकट गरियो।

बिस्तारै बिस्तारै घरभेटको मात्रा बढाउदै गएपछि प्रमीलादेवीले आफनो मनको कुरा अभिव्यत गरेकी थीईन। कुराकानी गर्दा रोहीरहने, छोराको सम्झनाले गर्दा मनमा पीर चीन्ता, खानाखान मन नलाग्ने, निन्द्रा नपर्ने,शरिरको विबिध भाग दुख्ने कुरा अभिव्यत गरेकि थिईन। साथै कुराकानीको सिल सिलामा कमजोर आत्मावीश्वासको भावना झल्कीएको थियो।

प्रमीलादेवीको पिडा तथा दुख लाइ ब्यत्त गर्न समय दियर त्यस पिडाले उनको आफनो शरिरमा पारेको असरलाई केलायर हेर्न तथा सोच्नका लागि मदत मिल्ने किसिमका प्रश्न मार्फत छलफल तथा कुराकानि गरियको थियो। छोराको मृत्युले गर्दा मनमा आउने पीर चीन्ता लाई कम गराउनको लागि श्वाशप्रश्वासको सामान्य योग विधि , समयमा खाना नखादा तपाई लगायत परिवारका अन्य सदस्यलाई असर पर्दछ भन्ने कुरा चित्रविधि मार्फत बुझाइएको थियो। आत्मावल अभिवृदिको लागि उनमा भयका सकारात्मक पक्षहरु , सिप तथा क्षमता तथा गाउ घर र छिमेकले उनलाई भन्ने तथा प्रशषा गर्ने राम्रा कुराहरु के के रहेका छन् भन्ने कुराहरु सम्झीन लगाईयको र सकारात्मक सोचको भावना विकसित गराईयको थियो। छोराको ईच्छा पुरागर्ने दाईत्व तपाईमा रहेको हुन्छकि हुदैन , यदि हुन्छभने छोराले आफनो आमा कस्तो भयको हेर्न चाहान्छन् होला , तपाई छोराको चाहाना कहिले पुरागर्ने भन्ने चुनौतीपूर्ण प्रश्न मार्फत छलफल गरि छोराको आत्मा खुशिको लागी मनै मजबुत बन्नु पर्ने रहेछ भन्ने मनोभावना बिकसित गराईयको थियो। अथार्त तपाईको छोराले परिवार कस्तो भयको हेर्न चाहानु हुन्थ्यो , तपाईले उहाको ईच्छा पुरागर्नु पर्दकि पर्दैन होला यदि पर्ने भए कहिले देखि तपाई आफनो व्यवहार परिवर्तन गर्नु हुन्छ होला भन्ने चुनौति पुर्ण प्रश्न मार्फत कुराकानि तथा छलफल गरेको थियो। प्रमीलादेवीमा काम गर्ने मनोभावना जगाउनको लागि जसरि रुख स्वस्थ्य भएको खण्डमा त्यसले आफु वरिपरि बस्नेलाई सितलता पदान गर्दछ ठिक त्यसैगरि तपाईले काम गर्नु भएको खण्डमा क कस्लाई सितलता प्रदान हुन्छ , को को रुखको छेउमा ओत लागेर बस्न सक्दछन् , आधि हुरि आएको बेलामा रुख बलियो भयोभन्ने कसलाई फईदा हुन्छ होला भन्ने किसिमले पछिको सोच दिलाउने प्रश्नहरु मार्फत छलफल गरियको थियो।

यसरि १० पटकको मनोपरामर्शले प्रमीलादेवी को व्यत्तिगत वानि व्यवहार र सोचाईमा परिवर्तन आएको कुरा उनको श्रीमान् र छोरीले महशुस  गर्न थालेकाछन् । हाल प्रमीलादेवीको  अनुहार चमक आएको , मन उदास हुन छोडेको , खाना खाने गरेको , शरिरको विभिन्न भागहरु दुख्ने समस्या न्युनिकरण भयको , निन्द्रा नलाग्ने समय घट्दै गयको  , दैनिक निवन यापनको लागि  आफै काम गर्न हिड्ने गरेकी छिन् । मनोसामाजिक परामर्श कर्ता संगको भेट तथा कुराकानि पछि आफुमा यस्तो परिवर्तन आएकोमा प्रमीलादेवी खुशि व्यत गर्नु हुन्छ । मनोसामाजिक परामर्श कर्ताले सूचना केन्द्र संग सम्वन्वय गरायरनै आफुले छोराको मृत्युको विमा रकम रु छ लाख ५० हजार पाउन सफल भएको र उत्त पैशाले श्रृण तिरेको कुरा प्रमीलादेवीले बताउदछिन् ।

## समस्या दुई

बारम्बार मेरो बिवाह गरिदीनु मलाई मोटरसाईकल किनिदीनु भनेर जिद्धी गर्दै घरमा झगडा गरीरहने सर्लाही हरिपुरका २६ बर्षिया अर्जुन ( नाम परिवर्तन ) रोजगारिको लागि २०७१ सालको  माघ महिनामा मलेसिया गएका थिय । ५ महिना सम्म अर्जुनले मलेसियामा राम्रो संग काम गरेर ९० हजार पनि घरमा पठायका थिय । तर ५ महिना बित्दा नबित्दै उनलाई कम्पनिले एक्कासि घर फर्काइदियो ।

धनकमाउन गएको छोरा एकाएक घर फर्कदा परिवारको तनाब पनि बढयो । विदेश बाट घरमा आएपछि मेरो बिबाह गरिदिनु, मोटरसाइकल किनिदीनु भनेर दैनिक रुपमा  भनिरहने र कोठामाआफूले लगाएको सबै कपडा फूकालेर एक्लै बस्ने थाल्य । परिवारको सदस्य कोहि कसैसंग बोलेको देखेमा मेरो कुरा किन गरेको भनेर आक्रोसित हुने । कसैसंग कुराकानि गर्दा निहुरियर कुरागर्ने,हातगोडा चलाइरहने,आखा चम्काइरहने,दिक्क लागेजस्तो गर्ने,रिसाउने,झर्कने,के भको छ ? उपचार गनुपर्छ भन्दा मलाई केहिपनि भएको छइन भनेर रिसाउने ब्यबहार देखाउन थालेपछी अर्जुनको  आमा गिता ( नाम परिवर्तन ) लाई एकदमै गाह्रो भएको थियो ।

श्रीमान कामको शिलशिलामा काठमाण्डौ नै बस्ने हूदा खेतिपाति लगायत सम्पुर्ण घरब्यबहार गितालेनै सम्हाल्नू पर्दथ्यो । सिङ्गो घरको जिम्मा आफुलेनै निभाउनु परेकोबेला जबान भएको छोरामा यस्तो समस्या आउदा उपचार त  परै जाओस । गिताले अब के गर्नेहोला भन्ने सम्म सोच्न सक्नू भएको थियन । यता छोराको समस्या दिनदिनै बढ्दै गयको र गाउसमाजमा आफ्नो छोरा नभयको कान्छि आमा भएर वास्ता नगरेको भन्ने कूराहरु चल्न थाल्यो । त्यसपछि गिताको  आत्तियको मनमा अझ छोराको समस्या बढने डर को साथै पिर चिन्ता बढन थाल्यो । गिताको अध्यारो अनूहारमा प्रष्ट्र देखिन्थ्यो । त्यसैले गितालाई खान मन नलाग्ने  निन्द्रा नलाग्ने गरेको अवस्थामा मेरो भेट भएको थियो ।

यसरि भेटघाटको सुरुवातमा गिता संग कूराकानिगर्दा,  छोरालाइ उपचार गराउन लैजाने मान्छे नभएको । केहि लागेकोहोला धामिझाकि लगाएर ठिक हूने कुरा बताउनू भयो  । त्यसपछि उहा संग   घरभेट गरि सम्बन्ध बिस्तार गर्दै बिश्वासको वातावरण सजनाृ गरियो ।  पविार संग बसेर साइको एजुकेशन दिइयो । मानशिक रोग,उपचार प्रकृयाका साथै समयमै उपचार नभयआउन सक्ने सम्भाब्य  जोखिम र खतरा तथा

असरबारे पनि छलफल गरियो । छलफल पछि CMC Nepal का बरिष्ट डक्टर कपिल देब उपाध्यायको सल्लाह अनुसार को औषधि ख्वाउन गिता तयार हुनूभयो । तर छोराले आफूलाइ केहि नभएको भनेर औसधि नखाने फालिदिने घरबाट भाग्ने गर्न थालेपछि गितालाइ झनै सम्हालिनसक्नु भयो । त्यसपछि गिता संग छलफल गरि अर्जुनले थाहा नपाउने गरि बिहान बेलूका औषधि ख्वाउन थाल्नुभयो । खानेकुरामा मिसायर । भेटघाटकै क्रममा गिताको आत्मबल अभिबृद्धि,हौसला प्रदान गरियो । गिताले गर्नूभएको कामको प्रसंशा र नियमितऔषधि ख्वाउनको लागि प्रोत्साहन गर्दै पिरचिन्ताको बारेमा पनि छलफल गरियो ।

एसरि १० पटकको घरभेट र मनोपरामर्श पछि आजभोलि गिताकोको अनूहारमा हासो देखिन थालेको छ । गिताले सोचेको पनि रहेनछिन् अर्जुनमा यतिधेरै परिबर्तन आउला भनेर । गिता बताउदै हनूहुन्थ्यो कि  अजभोलि छोराले औषधि आफैखाने गरेका छ । भनेको मान्ने, घरको कामहरु सघाउने आफ्नो सरसफाइ गर्ने, नुहाउने लुगाधुने,बजार जानुका साथै साथिभाइहरु संग समय पनि बिताउन थालेको छ । पहिलेको जस्तो बिवहा गरिदिनू बाइक किनिदीनु पनि भन्न छोडेको छ । अबत मैले केहि काम गर्नुपर्छ सम्म भन्न थालेको छ । यसरि छोरामा आएको परिबर्तन देखेर गिताको पनिपिरचिन्ता कमी आएको छ ।  अर्जुनको वानि व्यवहारमा यसरिनै परिबर्तन भइरह्यो भने बिबहा गरि घर बसाई दिनुपर्छ भन्ने सोच  राख्दै छिन गिता । आजकाल गिता अर्जुनको  राम्रो हेरचाह को साथै माया पनि गरिरहनू भएको छ । गाउले हरु पनि अर्जुनमा आएको परिवर्तन देखेर चमत्कार भयो भन्न थालेका छन् । गिता मुस्कुराउदै भन्दछिन् यो सब मनोपारामर्श ले नै सम्भब गरिदियो । नत्र अहिले अर्जुन मानसिक रोगि भएर गाउघर तिर डुलि रहन्थ्यो होला । मेरो हालत कस्तो हुन्थ्यो होला ?

## CASE Story : 3

# छोरालाई विदेश पठाउँदा धितो राखेको जग्गा सूचना तथा परामर्श केन्द्रको पहलमा फिर्ता

सुमित्रादेवी महराका काईलो छोरो सत्रुधन कतार जाँदा गरिवी हट्ने सपना मात्रै मनमा थिएन पक्की घर बनाउने योजना पनि थियो । कार्पेन्टरको कामका लागि गएका सत्रुधनको कमाइ पनि ठिकै थियो तर ९ महिनामै कम्पनि बन्द भएर नेपाल फर्किएपछि उहाँको सपना पुरा हुन पाएन ।

सत्रुधनलाई विदेश पठाउँदा एजेण्ट सविन्द्र यादवले आफैं पासपोर्ट बनाइदिएर १ लाख २० हजार आफैले हालेर कतार पठाएका लिएका थिए । ९ महिना मात्रै काम गर्न पाएकाले उहाँले सविन्द्रलाई ६५ हजार मात्रै बुझाउन सक्नुभएको थियो । ५५ हजार त बाँकी नै थियो । 'त्यसैले नेपाल आउने वित्तिकै सविन्द्र उनले हामीले मेरो बाकि पैसा दिहाल भन्न थाले ' शत्रुधन भन्नुहुन्छ । शत्रुधनले आफुले करार अवधीसम्म काम गर्न नपाएकाले पैसा तिर्न नसक्ने जवाफ दिनुभयो तर एजेण्टले मान्ने कुरै थिएन । पैसा जसरी पनि चाहिन्छ भनिरहेका एजेण्ट सविन्द्रले मलेशियाबाट माग आएका त्यसमा गएर भएपनि पैसा तिर्न दबाब सुझाव दिए ।

त्यसपछि त्यसको उनले शत्रुधनलाई अर्को एक जना मान्छे खोज्न पनि भने । 'एक पटक दुःख पाएर फर्किएकाले के गरौं गरौं भन्ने त लाग्यो तर अव विदेश नगई ऋण तिर्न विकल्प थिएन' शत्रुधनले भन्नुभयो 'घर सल्लाह गर्दा भाइले नै विदेश जाने इच्छा देखायो ।' तर उहाँहरुसंग विदेश जाने मात्रै होइन पासपोर्ट बनाउने पैसा पनि थिएन । त्यसैले फेरी पनि एजेण्टसंगै पैसा माग्नुभयो । तर यस पटकको सर्त फरक थियो एजेण्टको । उनले त्यतिकै पैसा दिन नसक्ने त्यसका लागि धितो राख्नुपर्ने बताए । 'अरु के राख्ने केही थिएन त्यसैले भएको जग्गा नै धितो राख्ने निर्णयमा पुगें' शत्रुधनकी आमा सुमित्रादेवीले भन्नुभयो ' १२ धुर जमिनको ३ लाख २ हजार कायम गरें।' दुई जना छोरालाई विदेश पठाउन २ लाख २५ हजार अनि कतार जाँदाको तिर्न बाँकी ५५ हजार र पासपोर्ट बनाएको २२ हजार गरी ३ लाख २ हजारमा जमिन एजेण्डको नाममा नाम सारि गरिदिनुभयो साथै ब्याज सयकडा तिनको दरले दिने सहमति गरेर ।

आफनो भएजति जमिन सबै अर्कैको नाममा पास गरिदिँदा पनि उहाँको मनमा दुःख भन्दा खुशी धेरै थियो । 'आज ऋण लागेर के भयो त भोली उनीहरुले कमाएपछि तिरिहाल्छन भन्ने लागेर दुखी भन्दा खुशी धेरै थिएँ।' सुमित्रादेवी भन्नुहुन्छ ।

आफनोसंगै परिवारको सपना बोकेर मलेशिया गएका शत्रुधन र प्रमोदलाई मलेशिया पुगेको दश दिनसम्म त कम्पनिले कामै दिएन । दश दिनपछि काम त पाउनुभयो तर नेपालमा भनेको भन्दा फरक र गाह्रो । जाँदा लागेको ऋण र परिवारको दु:ख सम्झेर काम गरिरहनुभएको थियो तर कम्पनिले पैसा दिने कुरै गरेन । समस्यामा परेपछि एजेण्टलाई पटक पटक फोन पनि गर्नुभयो उहाँहरुले । त्यतिबेला हतपत्ति एजेण्टको फोन उठेन । फोन उठेपनि भोली पर्सी भन्दै दुई महिना विताई दिए । त्यसको केही दिनमै सुमित्रादेवीले छोराहरु समस्यामा परेको खवर पाउनुभयो । एकातिर व्याज बढेको बढ्यै अर्कोतिर एजेण्टले पैसा नदिए जग्गा पनि लिलाम गर्ने धम्कि दिएपछि समस्या थपिँदै गयो । त्यही क्रममा सर्लाहीको हरिवनमा रहेको सूचना केन्द्रमा पुगेकी सुमित्रादेवीले धितोमा राखेको जग्गा मात्रै फिर्ता पाउनुभएन । अरु समस्या पनि समाधान भएको छ ।

## यसरी भयो समस्याको समाधान

सूचना केन्द्रमा पुगेकी सुमित्रादेविमा देखापरेको मानसिक समस्या न्युनिकरण गर्न मनोपरामर्श र एजेण्टको धम्की तथा ठगिलाई कानुनी दायरामा ल्याउन केन्द्रले प्रयास थाल्यो । 'हामीले उहाँका छोराहरुलाई भनेको काम र तलव दिन म्यानपावरलाई दवाव दियौं' एजेण्टले जग्गा लिलाम गर्न दिएको धम्किको स्थानीय स्तरमै समाधान खोज्न पनि पहल थाल्यौं साथै मनोपरामर्श माफर्त मानोसामाजिक समस्या र तनाबमा पनि न्युनिकरण ल्याईउ ।' केन्द्रकै पहलमा भएको छलफलमा दुई जना छोरालाइ विदेश पठाएको २ लाख २५ हजार अनि पासपोर्ट बनाउँदा लागेको २२ हजार कतार जादाको ३० हजार गरी २ लाख ७७ हजार सुमित्रादेवीले दिने सहमति भयो ।

अगाडिको सहमति तोडियो सुमित्रादेवीले एक वर्षमा तीन किस्तामा १ लाख ७५ हजार तिर्नुभयो । तर एजेण्टले बाँकी रहेको १ किस्ता पहिलाको कतार जादाको पैशाको र त्यसको व्याज सहित १ लाख ८५ हजार

एकै पटकमा दिनुपर्छ नत्र जग्गा बेचिदिन्छु भनेपछि सुमित्रादेवी फेरी समस्यामा पर्नुभयो किनकि सहमति अनुसार ७७ हजार मात्र तिर्न बाकि थियो ।

एजेण्ड थर्काईको त्यसको जानकारी दिदै रुदै रुदै सूचना केन्द्रमा आई पुगिन २०७२ फागुन ९ सुमित्रादेबि र दोस्रो पटक केन्द्रले सबिन्द्र लाई बोलायर  छलफल गराएर पहिलेको सहमति तोडेकाले सुमित्रादेवीले ७७ हजार रुपैयाँ मात्रै तिर्नुपर्ने साथै पहिलाको कतार जादाको  र मलेसिया जादाको पैशाको ब्याज पनि  छोड्नु पर्ने निर्णय दुई जनाको सहमतिमै गरिदियाे ।

त्यसकै आधारमा सुमित्रादेवीले गएको फागुन ११ जग्गा फिर्ता लिनुभएको छ । 'सूचना केन्द्रले स्थानिय स्तमानै न्याय दिलाएकाले नै मैले न्याय पाए ' जग्गा फिर्ता पाएपछि खुशी हुँदै सुमित्रादेवि भन्नुहुन्छ ' हतार गरेर विदेश पठाउँदा समस्या भोग्नुपर्‍यो , त्यसैले विदेश जानेले धेरै सोचेर, जानेर बुझेर मात्र जानुहोला ।'